आज मिति २०८१/०४/०६ गतेका दिन त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ३९

बैठक प्रारम्भ: बिहानको ११:३० बजे

समाप्त: दिनको १:०० बजे

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | |
| २ | नगर उप-प्रमुख | श्री बिमला खड्गुक | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री बखत बहादुर खड्का | |
| ४ | वडा अध्यक्ष | श्री हरिमान घले | |
| ५ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर बुढा | |
| ६ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | |
| ७ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | |
| ८ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | |
| ९ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | |
| १० | वडा अध्यक्ष | श्री रुद्रबहादुर नेपाली | |
| ११ | वडा अध्यक्ष | श्री टिकाराम लुनेल | |
| १२ | वडा अध्यक्ष | श्री मान बहादुर सौंठी | |
| १३ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | |
| १४ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १५ | कार्यपालिका सदस्य | श्री सावित्रा नेपाली | |
| १६ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १७ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १८ | कार्यपालिका सदस्य | श्री तारादेवी बराल | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | |

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री शीतमती वि.क. | [signature] |
| २१ | कार्यपालिका सदस्य | श्री राम बहादुर दमाई | [signature] |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| २२ | अधिकृत छैटी | श्री नारायणदत्त तिवारी | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णय प्रमाणित

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत

मिति २०८१/०४/०६ गतेको ३९औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू

तपसिल:

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १ | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २ | करार कर्मचारीको म्याद थप सम्बन्धमा । | यस कार्यालय र अन्तर्गतका कार्यालयहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद २०८२ आषाढ मसान्त (१ वर्ष) सम्मको लागि थप गर्ने । | प्र.प्र.अ. | |
| ३ | उद्यम विकास सहजकर्ता पदपूर्ति सम्बन्धमा । | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न १ जना उद्यम विकास सहजकर्ता आवश्यक भएकोले पदपूर्ति गर्ने । | उद्योग विकास शाखा | |
| ४ | सडक मर्मत सम्भारकर्ता सम्बन्धमा । | लेकवेशी नगरपालिका वडा नं. २, ६, ८, ९ र १० अन्तर्गत यातायात सञ्चालन भएका सडकहरूमा वर्षायाममा यातायात सुचारू राख्नका लागि सडक मर्मत सम्भारकर्ता (पिटौली) २ महिना (२०८१ श्रावण १५ देखि १०८१ असोज १५ सम्म) को लागि सम्वन्धित वडाको अति विपन्न परिवार मध्येबाट छनौट गरी कामकाजमा लगाउने । | सम्वन्धित वडा | |
| ५ | आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा । | उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPS) अन्तर्गत यस नगरपालिकाले आयोजना प्रस्तावको क्षेत्र/विषय, लागत र लागत सहभागिताका लागि प्रतिवद्वता सहित प्रस्ताव पेश गर्ने । | प्र.प्र.अ. | |
| ६ | आर्थिक सहायता सम्बन्धमा । | लेकवेशी नगरपालिका अन्तर्गत वडा नं. ९ स्थायी निवासी नरेन्द्र बहादुर खत्रीको फोक्सोमा क्यान्सर भई भक्तपूर क्यान्सर हस्पिटलले भारतको गान्धि हस्पिटलमा रिफर गरेकोमा निजको उपचारमा घरायसी आर्थिक समस्या भएको र उपचारमा धेरै रकम आवश्यक पर्ने | ९ नं. वडा कार्यालय | |

**मिति २०८१/०४/०६ गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू**

निर्णय नं. १

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समीक्षा गरियो । साथै प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको आ.व.२०८०/०८१ को तेस्रो चौमासिक तथा वार्षिक अवधिको वित्तीय प्रगति समेत छलफल गरियो ।

निर्णय नं. २

यस कार्यालय र अन्तर्गतका कार्यालयहरूमा सेवा करारमा कार्यरत कर्मचारीहरूको सेवा करार म्याद २०८२ आषाढ मसान्त (१ वर्ष) सम्मको लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिका अन्तर्गत संचालन भैरहेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लागि १ जना उद्यम विकास सहजकर्ता आवश्यक भएकोले उक्त पदमा पदपूर्ति गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

लेकवेशी नगरपालिका वडा नं. २, ६, ८, ९ र १० अन्तर्गत यातायात सञ्चालन भएका सडकहरूमा वर्षायाममा यातायात सुचारू राख्नका लागि सडक मर्मत सम्भारकर्ता (पिटौली) २ महिना (२०८१ श्रावण १५ देखि १०८१ असोज १५ सम्म) को लागि सम्बन्धित वडाको अति विपन्न परिवार मध्येबाट छनौट भई वडाको सिफारिस बमोजिम सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | सडकको नाम र वडा | पिटौली संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. २ को सोरठ्ठी चोक हुदै लेखगाउ जोड्ने सडक | २ | |
| २ | वडा नं. ६ को कल्पना चोक देखि रानागाउ जोड्ने सडक | २ | |
| ३ | वडा नं ८ को कोलखोला लामिडाँडा सडक, कुईनेपानी आरनटुडा सडक | २ | |
| ४ | वडा नं. ९ को पोखरा भञ्याङ्ग देखि कोलखोला हुँदै वडा नं ८ को कुईनेपानी जोड्ने सडक | १ | |
| ५ | वडा नं. १० को झुप्रा खोला- सौटाफाट हुदै वि.न.पा. १६ जोड्ने सडक | २ | |

निर्णय प्रमाणित

निर्णय नं. ५

उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPS) अन्तर्गत यस नगरपालिकाले आयोजनाहरूको प्रस्तावको क्षेत्र/विषय, लागत र लागत सहभागिताका लागि आगामी समयमा बस्ने कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

लेकबेशी नगरपालिका अन्तर्गत वडा नं. ९ स्थायी निवासी नरेन्द्र बहादुर खत्रीको फोक्सोमा क्यान्सर भई भक्तपुर क्यान्सर हस्पिटलले भारतको गान्धि हस्पिटलमा रिफर गरेकोमा निजको उपचारमा घरायसी आर्थिक समस्या भएको र उपचारमा धेरै रकम आवश्यक पर्ने भएको हुदा पालिकाबाट आर्थिक सहायोगको लागि बिरामीको पत्नी पूर्ण कुमारी खत्रीले निवेदन पेश गर्नुभएकोले विरामीको घरायसी आर्थिक अवस्था समेतको मध्यनजर गर्दा पालिकाको तर्फबाट औषधी उपचारका लागि रु.५०,०००।- (अक्षरुपी पचास हजार रूपैयाँ मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार यस नगरपालिका अन्तर्गतको प्राथमिक स्वास्थ्य केन्द्र दशरथपुरलाई स्तरोन्नती गरी १५ शैय्या अस्पताल स्वीकृति भएको हुँदा उक्त प्राथमिक स्वास्थ्य केन्द्रमा लेकबेशी नगर अस्पताल सञ्चालन गर्ने र प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरूलाई अस्पतालको दरबन्दीमा समायोजन गर्ने निर्णय गरियो ।

भरत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत